# लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०८२।०९।१४**

कृषि सामग्री कम्पनी लिमिटेडको स्वामित्वमा रहेको देहाय बमोजिमको भौतिक संरचना जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले खरिद गरी लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लिखित सर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| लिलाम बिक्री हुने भौतिक संरचनाको | | | बोलपत्र |
|---|---|---|---|
| विवरण | रहेको स्थान | न्यूनतम मूल्य | फाराम दस्तुर |
| बागलुङ न.पा. वडा नं. ३ (साविक कालिका गा.वि.स. वडा नं. ४) स्थित कि.नं. ७१ र ७३ जग्गामा रहेका २५० मे. टन क्षमताको २ वटा गोदाम (जे-जस्तो अवस्थामा छ।) | बागलुङ नगरपालिका वडा नं. ३, बागलुङ | रु. १,८२,७४८।५७ | रु.१,०००।- |

**सर्त तथा बन्देजहरू:-**

१. बोलपत्र फाराम दस्तुर बापत रु. १,००० (एक हजार पछि फिर्ता नहुने गरी ) तिरी सूचना प्रकाशन भएको मितिले सातौँ दिन सम्मको कार्यालय समयभित्र खरिद गरी आठौँ दिनको १:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। उक्त बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न सकिनेछ। बोलपत्र फाराम दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो कार्य कार्यालय खोल्दाको दिन गरिनेछ।

२. इच्छुक फर्म, संस्था वा कम्पनीको हकमा फर्म/संस्था/कम्पनीको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, मू.अ.कर/स्थायी लेखा नं. को प्रमाणित प्रतिलिपि, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाण पत्र वा म्याद थप पत्रको प्रमाणित प्रतिलिपि, नवीकरण पत्र र व्यक्तिको हकमा स्थायी लेखा नं. र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि सहित बोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३. बोलपत्र दाखिला गर्दा खामको बाहिरी भागमा बोलपत्र दाताको नाम, थर, ठेगाना, सम्पर्क नं. समेत खुलाई लाहाछाप लगाई लिलाम बिक्री सम्बन्धी बोलपत्रको विषय लेखी पेश गर्नुपर्नेछ।

४. बोलपत्र साथ आफूले बोल कबोल गरेको रकमको १० (दस) प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको प्रभु बैंकको खाता नं. ०५६००२५३९९४०००१८ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ।

५. बोल कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ, अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएको स्थानमा हस्ताक्षर गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिइने छैन।

६. रीतपूर्वक दर्ता भएका बोलपत्र आठौँ दिन (अर्थात् २०८२ पुस २१ गते) दिनको ३:०० बजे यस कार्यालयमा विभिन्न प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। बोलपत्र दाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत गर्दा यस कम्पनीबाट तोकिएको न्यूनतम मूल्यभन्दा सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिनेछ।

८. बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले बोल कबोल गरेको रकम यस कार्यालयले तोकेको बैंक खातामा जम्मा गरी बोलपत्र दाताले स्व. लागतमा ३५ दिनभित्र भत्काई जग्गा खाली गराइसक्नुपर्नेछ अन्यथा बोलपत्र रद्द गरी धरौटी रकम जफत गरिनेछ।

९. लिलाम बिक्री हुने भौतिक संरचनाको अवलोकन गर्न चाहेमा संरचना रहेको स्थानमा गई अवलोकन गर्न सकिनेछ।

१०. उक्त भौतिक संरचना जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा, स्व. लागतमा भत्काई हटाई साइट क्लियर गरी लैजानुपर्नेछ।

११. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. यस सम्बन्धी अन्य सर्तहरू प्रचलित कानुन बमोजिम हुनेछ।


**कृषि सामग्री कम्पनी लिमिटेड**

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

**प्रादेशिक कार्यालय, पोखरा**

फोन : ०६१-५७०४१६